# बङ्गुर तथा लोकल कुखुरा प्रर्वद्धन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७

मिति २०७७कार्यपालिकाको बैठकबाट स्वीकृत २८/१०/

**भूमिकास्थान नगरपालिका**

**नुवाकोट, अर्घाखाँची**

बङ्गुर तथा लोकल कुखुरा प्रर्वद्धन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७

**मिति २०७७ २८/१०/कार्यपालिकाको बैठकबाट स्वीकृत**

१. प्रस्तावना :

भूमिकास्थान नगरपालिका भित्र रहेका बेरोजगार, न्यून आय भएका कृषक बेरोजगारीका कारण रोजगारीको शिलशिलामा विदेशिएर फर्किएका यूवा तथा कोभिड-१९ र अन्य महामारी तथा विपदबाट प्रभावित भई स्वरोजगार बन्न चाहने कृषि तथा पशुपालन व्यबसाय प्रति आकर्षित हुनुका साथै आय आर्जनमा अभिबृद्धि गरी जीवनस्तर सुधार गर्न इच्छुक बेरोजगार युवा, कृषक, ब्यबसायी, कृषि तथा पशु उद्योगी समूह तथा संघसंस्थालाई लक्षित गरी भूमिकास्थान नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ ।

२. संक्षिप्त नाम र परिभाषा :

(२.१) यस कार्यविधिको नाम **"बङ्गुर तथा लोकल कुखुरा प्रर्वद्धन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७७"**रहेको छ ।

(२.२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भइ राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२.३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले भूमिकास्थान नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "नगर प्रमुख" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ग) "नगर उपप्रमुख"भन्नाले भूमिकास्थान नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भूमिकास्थान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले भूमिकास्थान नगरपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

(च) "सहकारी" भन्नाले भूमिकास्थान नगरपालिका भित्र रहेका कृषि तथा पशुपालनसँग सम्बन्धित कृषि सहकारीलाई जनाउने छ ।

(च) "कार्यक्रम" भन्नाले कोभिड १९ को महामारीको कारण बैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवा, कृषक, ब्यबसायी, कृषि तथा पशु उद्योगी समूह तथा संघसंस्थाहरुलाई लक्षित गरी सञ्चालित कार्यक्रमलाई सम्झनु पर्दछ ।

(छ) "स्वरोजगार" भन्नालेस्थानीय स्तरमा रोजगारको अभिबृद्धि गरी स्वयम् रोजगार बन्ने भन्ने सम्झनु पर्दछ।

३. उद्देश्य :

१) यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) कोभिड १९ को महामारीको कारण बैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवा, कृषक, ब्यबसायी, कृषि तथा पशु उद्योगी समूह तथा संघसंस्थाहरुलाईआयआर्जनमा सङ्लग्न गराई उनीहरुको जीवनस्तरमा सुधार ल्याउने ।

(ख) नगरपालिकाका कृषकहरुलाई बङ्गुर तथा लोकल कुखुरा व्यवसाय प्रति आकर्षित गर्ने ।

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :

### ४.कार्यक्रम सञ्चालनप्रक्रिया :

(क) कोभिड १९महामारीको कारण बैदेशिक रोजगार गुमाई फर्किएका बेरोजगार युबाहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालनगर्नुपर्नेछ ।

(ख) नगरपालिकाले कार्यक्रम सञ्चालनको लागि कम्तिमा १५ दिनको म्याद दिई अनुसूची १ बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ग) निवेदकले अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

### ५.कार्यक्रमको मापदण्डः

### (५.१) लोकल कुखुरा सम्बन्धीः

(क) लाभग्राहीहरुलाईलोकल कुखुराका चल्ला उपलब्ध भएसम्म नगर भित्रका स्थानीय जातका लोकल कुखुराका चल्लालाईपहिलो प्राथमिकता दिनुपर्नेछ ।

(ख) खरिद गरिने लोकल कुखुराका चल्लामा जातीय शुद्धता र निरोगी हनुपर्नेछ ।

(ग) कुखुराका चल्ला खरिद गर्दा स्वीकृत दररेट अनुसार खरिद गर्ने ब्यबस्था मिलाउनु पर्नेछ ।

(घ) खरिद गरिने चल्ला न्यूनतम् २ (दुई) हप्ताको हुनुपर्ने छ ।

(ङ) वितरण गरिएको चल्ला कम्तीमा ४(चार) महिनासम्म पालन गर्नुपर्ने छ ।

(च) वितरण गरिएको चल्लामा कुनै किसिमकोस्वास्थ्य समस्या देखिएमा नगरपालिकाको पशु स्वास्थ्य प्राविधिकलाई जानकारी गराउनु पर्नेछ ।

(छ) वितरण गरिएका कुखुराबाट हुने सन्तान बृद्धिको लगत अनिवार्य रुपमा नगर पशु सेवा शाखा वा वडा कार्यालय अन्तर्गत कार्यरत वडा पशु स्वास्थ्य प्राविधिक समक्ष पेश गर्नु पर्नेछ ।

(ज) लोकल कुखुराका चल्ला नगरपालिकाले उपलब्ध गराउने छ ।

(झ) लाभग्राहीलाई उपलब्ध गराइएको चल्ला बिक्रीयोग्य भइ बिक्री भइसकेपछि प्राप्त आम्दानीबाट पुनः चल्ला खरिद गरी आय आर्जन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ञ) छनौट भएका लाभग्राहीले न्यूनतम ५० ओटा चल्ला पालन गर्नु पर्नेछ ।

(ट) छनौटमा परेका कृषकलाई अनुसूची ३ बमोजिमको प्रतिवद्धता गराई चल्ला उपलब्ध गराउनु पर्नेछ ।

(ठ) नगरपालिका समक्ष कृषकले गरेको प्रतिवद्धता बमोजिमको कार्य नगरेमा नगरबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिने छ ।

(ड) कुखुराको दाना, औषधी उपचार लगायतका कार्यहरु लाभग्राहीले ब्यबस्था गर्नुपर्नेछ ।

(ढ) खोर निर्माण गर्नुका साथै कुखुरा पाल्ने हुर्काउने बिक्री गर्ने सम्बन्धी सम्पूर्ण व्यबस्थापन लाभग्राहीले गर्नुपर्नेछ ।

(ण) लाभग्राहीले अनुसूची ५ अनुसार आम्दानी खर्चको अभिलेख राख्नु पर्नेछ ।

(त) लाभग्राहीले अनुसूची ६ बमोजिमको ढाँचामा प्रत्येक चौमासिकमा नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**(५.२)बङ्गुरपालन सम्बन्धी ब्यबस्था :**

(क) नगरपालिकाले उन्नत बङ्गुर खरिद गर्दा उन्नत जातका क्रस बङ्गुर खरिदलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

(ख) बितरण गरिने बङ्गुर प्रजननयोग्य र निरोगी हनुपर्ने छ ।

(ग) बङ्गुर खरिद गर्दा सरकारी/ अर्धसरकारी/व्यवसायी एवं व्यक्तिगत फार्म र व्यक्ति बाट सूचीकृत मूल्य नबढाई खरिद हुनुपर्नेछ।

(घ) छनौटमा परेका कृषकलाई अनुसूची ३ बमोजिमको प्रतिवद्धता गराई बङ्गुरका पाठा पाठीहरु उपलब्ध गराउनु पर्नेछ ।

(ङ) बितरण गरिने बंगर न्युनतम् ४५ दिनको हुनु पर्नेछ ।

(च) वितरण गरिएको बङ्गुर कम्तीमा २ बर्षसम्म पालन गर्नुपर्ने छ ।

(छ) खरिद भएका बङ्गुरको कृषक स्वंयम्ले अनिबार्य पशु बिमा गर्नुपर्नेछ।

(ज) वितरण गरिएको बङ्गुरमा कुनै किसिमको प्रजनन समस्या देखिएको खण्डमा नगरपालिकाको पशु सेवा शाखा वा वडा पशु स्वास्थ्य प्राविधिकलाई जानकारी गराउनु पर्नेछ ।

(झ) वितरण गरिएका बङ्गुरबाट हुने सन्तान बृद्धिको लगत अनिवार्य रुपमा नगर पशु सेवा शाखा वा वडा कार्यालय अन्तर्गत कार्यरत वडा पशु स्वास्थ्य प्राविधिक समक्ष पेश गर्नु पर्नेछ ।

(ञ) वितरण गरिएका बङ्गुरको आकस्मिक मृत्यु भएमा सम्बन्धित वडाका वडा अध्यक्ष, वडा पशु प्राबिधिकको रोहबरमा मृत्यु भएको कुरा अनुसूची४ बमोजीमको ढाँचामा मुचुल्का प्रमाणित गरी नगरपालिकाको पशु सेवा शाखामा लिखित जानाकारी गराउनुपर्नेछ।

(ट) मृत्यु भएको बङ्गुरको बिमा दाबीको लागि नगरपालिकाले सहयोगी भुमिका निर्बाह गर्नेछ। सो बाहेक नगरपालिकाबाट अन्य सुबिधा उपलब्ध हुनेछैन।

(ठ) छनोट भएका लाभग्राहीका लागि नगरपालिकाको निर्णय अनुसार बङ्गुर बितरण गरिनेछ।

(ड) लाभग्राहीले अनुसूची ५ बमोजिमको ढाँचामा आम्दानी खर्चको अभिलेख राख्नु पर्नेछ ।

(ढ) लाभग्राहीले प्राप्त गरेका बङ्गुरको प्राप्ती पछिको प्रजनन् उत्पादन र विकी सम्बन्धी अनुसूची ६बमोजिमको ढाँचामा प्रत्येक ४/४महिनामा नगरपालिकामा विवरण वुझाउनु पर्नेछ र यसरी विवरण वुझाउँदा कानुनले व्यवस्थागरे वाहेक कुनै पनि शुल्क एवं कर लाग्नेछैन।

**६. चल्ला तथा बङ्गुर खरिद सम्बन्धी ब्यवस्थापनः**

६.१ लाभग्राहीलाई उपलब्ध गराउने चल्ला तथा बङ्गुरको खरिद कार्य नगरपालिकाले गर्नेछ।

६.२ छनौटमा परेका कृषकलाई प्रतिवद्धता गराई चल्ला तथा बङ्गुर बितरण गरिनेछ।

६.३.नगरपालिका समक्ष कृषकले गरेको प्रतिवद्धता बमोजिमको कार्य नगरेमा नगरबाट प्रदान गरिने सेवा सुविधा बाट बन्चीत गरिने छ ।

## ७. लाभग्राही छनौटका आधारहरुः

(७.१) स्वदेश तथा बैदेशिक रोजगारबाट रोजगार गुमाई घर फर्किएका र बेरोजगार भई बसेका लाभग्राहीहरु,

(७.२) बिदेशबाट फर्की नेपाल आई क्वारेन्टाईन बसेको प्रमाण पेश गर्नुपर्ने ।

(७.३) एकल महिला, अपाङ्ग, विपन्न परिवार, दलित,जनजाती तथा आर्थिक अवस्था कमजोर भएको प्रमाण सहित वडा कार्यालयले सिफारिस गर्नुपर्ने ।

(७.४)कुखुरा तथा बङ्गुर पालनका लागि उत्सुक ब्यबसायीले सो को लागि आवश्यक दाना, खोर, औषधी स्वयं ब्यबस्था गर्नु पर्नेछ ।

**८. मूल्याङ्कन सम्बन्धी ब्यबस्था :** (१) लाभग्राहीबाट प्राप्त निवेदनहरुको छानविन गरी नगर कार्यपालिकामा सिफारिस गर्न देहायबमोजिमको एक मूल्याङ्कन समिति रहने छ :

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) कार्यक्रम अधिकृत | सदस्य |
| (ग) सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा बढीमा ३ (तीन) जनासम्म विषय विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गर्नेछ ।

## ९. मुल्याङ्कनका आधारहरुः

| | |
|---|---|
| (क) महिला सदस्य भएमा | ५ अंक |
| (ख) दलित/जनजाती भएमा | १० अंक |
| (ग) घर परिवारको कुनै पनि सदस्यको रोजगारी/व्यवसायनभएको भएमा | १० अंक |
| (घ) वैदेशिक रोजगार गुमाई स्वदेशमा आई क्वारेन्टाईनमा बसेको प्रमाण पेश गरेमा | १५ अंक |
| (ङ) लाभग्राही एकल महिला भएमा | ५ अंक |
| (च) अपाङ्ग भएमा | ५ अंक |
| **जम्मा :** | **५० अंक** |

१०. यस कार्यबिधीमा उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका बिषयवस्तुहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

( दफा ४ को (ख) सँग सम्बन्धित )

## विषयः कोभिड १९ को माहामारीको कारण बैदेशिक रोजगारबाट फर्किएका युवाहरुको लागिबङ्गुर र लोकल कुखुरा प्रर्वद्धन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः.................................

आ.व................ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बङ्गुर र लोकल कुखुरा प्रर्वद्धन कार्यक्रमसम्बन्धी कार्यविधि-२०७७ बमोजिमको कार्यक्रममा सहभागी हुन ईच्छुक कोभिड १९ महामारीको कारण बैदेशिक रोजगार गुमाई फर्किएका बेरोजगार युवावर्गहरुले यो सुचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र तपशिल बमोजिका कागजातहरु सहित निवेदन दर्ता गर्नुहुन आह्वानगरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.सं. | कार्यक्रम | कार्यक्रम सञ्चालन हुने स्थान | परिमाण | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोभिड १९ को माहामारीको कारण बैदेशिक रोजगारबाट फर्किएका युवाहरुको लागि बङ्गुरप्रबर्द्धन कार्यकम। | भूमिकास्थान न.पा का सबै वडाहरु | | | |
| २. | कोभिड १९ को माहामारीको कारण बैदेशिक रोजगारबाट फर्किएका युवाहरुको लागि लोकल कुखुरा प्रबर्द्धन कार्यकम। | भूमिकास्थान न.पा का सबै वडाहरु | | | |

**आवश्यक कागजातहरुः**

१.अनुसूची -२ बमोजिमको निवेदन,
२.नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. कार्यविधिको दफा ९बमोजिम खुल्ने वडा कार्यालयको सिफारिस पत्र,
४. क्वारेन्टाइनमा बसेको प्रमाण,
अन्य थप जानकारीका लागि नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्रसर्म्पक गर्नुहुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

( दफा ४ को (ग) सँग सम्बन्धित )

बङ्गुर र लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि निवेदन पत्र

मिति:......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
भूमिकास्थान नगरपालिका नुवाकोट अर्घाखाँची ।

विषय: कार्यक्रम उपलब्ध गराईदिने बारे ।

महोदय,

प्रस्तुत बिषयमा भूमिकास्थान नगरपालिकाको मिति / /गतेको प्रकाशित सुचना अनुसार मबङ्गुर र लोकल कुखुरा प्रवर्द्धन कार्यक्रममा सहभागी हुनको लागियोग्य भएको हुँदा निम्नानुसार कागजात सहित निवेदन गरेको पेश गरेको छु ।

संग्लन कागजातहरु

१. अनुसूची -२ वमोजिमको निवेदन,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. कार्यविधिको दफा ९बमोजिम खुल्ने वडा कार्यालयको सिफारिस पत्र,
४. क्वारेन्टाइनमा बसेको प्रमाण,
५. परिचय पत्रको प्रतिलिपी ।

निबेदक:
हस्ताक्षर:
नाम:
ठेगाना:
मोबाईल नं.:

अनुसूची-३

( दफा ५.१ को (ट) र ५.२ को (घ) सँग सम्बन्धित )

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची ।

बिषय : **प्रतिवद्धता सम्बन्धमा ।**

महोदय,

प्रस्तुत बिषयमा त्यहाँ कार्यालयबाट म/हामीलाई प्राप्त अनुदान (बङ्गुरका पाठा पाठी/लोकल कुखुराको चल्ला) तपसिलका शर्तहरु पालना गर्ने प्रतिवद्धता जाहेर गरी पेश गरेको छु ।

**शर्तहरु :**

(क) बङ्गुरका पाठा पाठी/लोकल कुखुराको चल्ला पालन गर्नको लागि खोर निर्माण गर्नेछु/छौं ।
(ख) बङ्गुरका पाठा पाठी/लोकल कुखुराको चल्लाका लागि आवश्यक पर्ने दाना, औषधी लगायतका वस्तु एवं सेवा आफै व्यबस्थापन गर्नेछु/छौं ।
(ग) तोकिएको संख्याको विमा गर्नेछु/छौं ।
(घ) उपलब्ध गराइएका बङ्गुरका पाठा पाठी/लोकल कुखुराको चल्ला बेची मासी खानेछैन/छैनौं ।
(ङ) प्राबिधिक सहयोगका लागि नगरपालिकामा जानकारी गराउने छु/छौं ।
(च) बङ्गुरका पाठा पाठी/लोकल कुखुराको चल्लामा रोग लागे वा कुनै समस्या देखिएमा तत्काल सम्बन्धित प्राबिधिक र वडा कार्यालयमा जानकारी गराउने छु/छौं ।

(छ) बङ्गुरका पाठा पाठी/लोकल कुखुराको चल्लाको बिउपूँजी कायम राखि सो को तथ्याङ्क प्रत्येक चौमासिकमा नगरपालिकामा पेश गर्नेछु /छौं ।
(ज) बङ्गुरका पाठा पाठी/लोकल कुखुराको चल्ला प्रबर्द्धन सम्बन्धी कार्यविधी, २०७७ मा व्यबस्था भएका शर्त तथा बन्देजहरु पूर्णरुपले पालना गर्नेछु/छौं ।

**प्रतिवद्धता जाहेर गर्नेको**

हस्ताक्षर :

नाम, थर :

ठेंगाना :

ना.प्र.नं.:

मोवाइल नं.:

मिति :

**रोहवर**

हस्ताक्षर :

नाम, थर :

मिति :

अनुसूची-४
(दफा ५.२ को (ञ) सँग सम्बधित)

## बङ्गुरको मृत्युको मुचुल्का

लिखितम अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं.......टोल......................बस्ने श्री .............................को छोरा बर्ष.........को श्री............................................लेभूमिकास्थान नगरपालिका बाट कोभिड बिशेष बङ्गुर पर्बद्धन कार्यकमबाट उपलब्ध गराइएको ट्याग नं....................को बङ्गुर ..................................कारणले मृत्यु भएको हुँदा हामी तपसिलका ब्यक्तिहरु बसी यो मुचुल्का गरीदियौ ।

तपसिल

अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं..........टोल..........बस्ने श्री .............................को छोरा बर्ष..........को श्री............................१

अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं..........टोल..........बस्ने श्री .............................को छोरा बर्ष..........को श्री.............................१

अर्घाखाँची जिल्ला भूमिकास्थान नगरपालिका वडा नं..........टोल..........बस्ने श्री .............................को छोरा बर्ष..........को श्री...........................१

रोहवरः

| | | |
|---|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

## अनुसूची-५
(दफा ५.१ को (ण) र ५.२ को (ड) सँग सम्बधित)

आ.ब...................... को बङ्गुर तथा लोकल कुखुराको आम्दानी खर्चको विवरण

कृषकको नाम :

ठेंगाना :

लगानी तथा खर्च विवरण

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

आ.ब.......................... को बङ्गुर तथा लोकल कुखुराको आम्दानी खर्चको विवरण

कृषकको नाम :

ठेंगाना :

आम्दानी विवरण

| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## अनुसूची -६
( दफा ५.१ को (त) र ५.२ को (ढ) सँग सम्बन्धित )

### बङ्गुरको चौमासिक प्रगति विवरण

कृषकको नाम :                                        मिति : )))))))))))

ठेंगाना :

फोन नम्बर :

.............................. चौमासिकको प्रगति विवरण

| क. सं. | बंगुरको जात | माउँ बङ्गुर संख्या | बाली लागेको मिति | ब्याउने मिति | जन्मिएका पाठापाठी संख्या | जीवित संख्या | मृत्यु संख्या | बिक्रि गरेको संख्या | हाल गोठमा रहेको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

कृषकको दस्तखतः                    वार्ड पशु प्राबिधिकको दस्तखत :

मिति :                    मिति :

### लोकल कुखुराको चौमासिक प्रगति विवरण

कृषकको नाम :                                        मिति : )))))))))))

ठेंगाना :

फोन नम्बर :

.............................. चौमासिकको प्रगति विवरण

| क. सं. | कुखुराको जात | पोंथी संख्या | भालेको संख्या | यस चौमासिकको अण्डा संख्या | अण्डाबाट कोरलीएका चल्ला संख्या | जीवित चल्ला संख्या | मृत्यु संख्या | बिक्रि गरेको कुखुरा संख्या | हाल खोरमा रहेको कुखुरा संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | पोंथी संख्या | भाले संख्या |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

कृषकको दस्तखत :                    वार्ड पशु प्राबिधिकको दस्तखत :

मिति :                    मिति :